# आवेदकहरुलाई जानकारी तथा निर्देशन

१. आवेदकहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण क्याम्पस/कलेजको भर्ना Portal बाट हेर्न सक्नेछन्।

२. आफुले अध्ययन गर्न चाहेको क्याम्पस/कलेजहरुमा तोकिएको मिति भित्र कार्यक्रम प्राथमिकता सहितको आवेदन गर्ने। आवेदन क्याम्पस/कलेजले व्यवस्था गरे अनुसारको Online फारम भरी आवेदन गर्न सकिनेछ।

३. आवेदकहरुले जुन क्याम्पस/कलेजमा अध्ययन गर्न चाहेको हो सोहि क्याम्पस/कलेजको Web Portal मार्फत प्राथमिकता सहितको छुटा-छुट्टै आवेदन दिनु पर्नेछ।

४. आवेदकहरुले कुनै क्याम्पस/कलेजमा आवेदन दिँदा आफुले अध्ययन गर्न चाहेको विषयहरुमा मात्र प्राथमिकता क्रम राख्दा राम्रो हुने भएकाले ध्यान पुऱ्याउन अनुरोध गरिन्छ।

५. आफुले आवेदन दिएका क्याम्पस/कलेजहरुले कार्यतालिका बमोजिम प्रकाशित गरेको आवेदक/भर्ना सूचीहरु समयमा हेरी चित्त नबुझेमा तोकिएको समय भित्र सम्बन्धित क्याम्पस/कलेजहरुमा दावी विरोध गर्ने।

६. कुनै उम्मेदवारको नाम एक भन्दा बढी क्याम्पस/कलेजमा प्रकाशित हुन सक्नेछ तर भर्ना एक क्याम्पस/कलेजमा मात्रै गर्न सकिने छ। प्रकाशित सूची वा त्यस लगतैको अर्को सूचीमा अर्को क्याम्पस/कलेजमा नाम प्रकाशित भई भर्ना हुन चाहेमा यस अघि भर्ना भइसकेको क्याम्पसमा भर्ना रद्द गरेर मात्रै अर्को क्याम्पस/कलेजमा भर्ना गर्न सकिनेछ|

७. कुनै पनि विद्यार्थीले कुनै क्याम्पस/कलेजको एक कार्यक्रममा भर्ना भैसकेपछि सम्बन्धित क्याम्पस/कलेजबाट केन्द्रिय भर्ना पोर्टलले उपलब्ध गराएको भर्ना भएको विवरण (**Confirmation Page**) लिनु पर्नेछ र केन्द्रिय भर्ना Portal (http://admission.ioe.edu.np) बाट **यकिन (Verify) गर्नु पर्नेछ।** केन्द्रिय भर्ना Portal मा आफ्नो भर्ना विवरण यकिन नभएको खण्डमा **उक्त विद्यार्थी भर्ना भएको मानिने छैन।**

८. **कुनै विद्यार्थीले एउटा क्याम्पस/कलेजको कुनै एक कार्यक्रममा भर्ना भैसकेको भएता पनि अन्य क्याम्पस/कलेजको कुनै कार्यक्रममा जान चाहेमा उक्त भर्नाको म्याद सकिनु अगावै केन्द्रिय भर्ना Portal मा Login गरी "अन्यमा जान चाहेको (Switching Interest)" भनि Confirm गर्नु पर्नेछ। यसरी Switching Interest को Confirm नगरेको खण्डमा एक क्याम्पस/कलेजको कुनै एक कार्यक्रममा भर्ना भैसकेको बिद्यार्थीको नाम अन्य क्याम्पस/कलेजको पछिल्ला भर्ना सूचीमा निस्कने छैन। Switching Interest को Confirm गर्ने बिद्यार्थीहरुले अनिवार्य रुपमा Switching गरेको Confirmation Slip लिनु पर्नेछ।**

**(भर्ना भैसकेको विद्यार्थीले कुनै क्याम्पस/कलेजमा भर्ना भैसकेपछि पनि उक्त भर्ना रद्द गर्ने चाहना अनुसार अन्य क्याम्पस/कलेजको पछिल्ला भर्ना सूचीमा प्रकाशित भै भर्ना हुन चाहेमा मात्र केन्द्रिय भर्ना Portal मार्फत Confirm Switching Interest भन्ने मेनु मार्फत Login गरि Switching Interest को Confirm गर्नेछन्। तर यसरी Switching Interest को Confirm गर्दैमा हाल भर्ना भएको क्याम्पस/कलेजको आफ्नो भर्ना रद्द हुँदैन। यो व्यवस्थाले केवल भर्ना भैसकेका आवेदकहरुको नाम अन्य क्याम्पस/कलेजको पछिल्ला आवेदन सूचिमा निकाल्ने वा ननिकाल्ने भन्ने मात्र यकिन गर्दछ। त्यस्तै एक क्याम्पस/कलेजको कुनै कार्यक्रममा भर्ना भएको र त्यसै क्याम्पस/कलेजको अन्य कार्यक्रममा जान चाहेमा वा कार्यक्रम परिवर्तन गर्न चाहेमा भने "अन्यमा जान चाहेको (Switching Interest)" भनि Confirm गर्नु पर्दैन। एउटै क्याम्पस/कलेज भित्र कार्यक्रम परिवेर्तन गर्ने कार्य योग्यताक्रमको आधारमा क्याम्पस/कलेज भर्ना समितिले गर्न सक्नेछ। तर कुनै क्याम्पस/कलेजमा एक कार्यक्रममा भर्ना भई त्यस पछिको प्रकाशित सूचीहरुमा सोही क्याम्पस/कलेजमा आफ्नो प्राथमिकताले भ्याएमा माथिल्लो प्राथमिकतामा स्वत: सर्नेछ।)**

९. आवेदन दिएका तर अघिल्ला भर्ना सूचीमा पर्न नसकेका साथै **“अन्यमा जान चाहेको (Switching Interest)”** भनि Confirm गरेका विद्यार्थीहरुको सूची सम्बन्धित क्याम्पस/कलेजहरुले जुन सुकै बेला पनि क्याम्पस/कलेज Login Portal बाट Download गरी पछिल्ला भर्ना सूचीहरुमा अद्यावधिक गर्नेछन।

१०. भर्ना रद्द गर्नु परेमा बिद्यार्थीहरुले आफु भर्ना भएको क्याम्पस/कलेजमा निबेदन दिनु पर्नेछ। सम्बन्धित क्याम्पस/कलेजहरुले नियमानुसार आवदेन दिएका बिद्यार्थीहरुको भर्ना रद्द गर्नेछन।

११. सबै सम्बन्धन प्राप्त कलेजहरुमा भर्ना रद्द गर्ने सम्बन्धि व्यवस्था इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७४ को बुंदा ८.३ मा उल्लेख गरे बमोजिम हुनेछ। (**बुँदा ८.३**: कुनै कारणवश कक्षा सञ्चालन हुनु अगावै विद्यार्थी स्वयंले भर्ना रद्द गरेमा शिक्षण शुल्कको २५%(प्रतिशत) रकम र कक्षा सुरु भएको ७ दिन भित्र भर्ना रद्द गरेमा शिक्षण शुल्कको ५०% (प्रतिशत) रकम कट्टा गरी भर्ना रद्द गरिनेछ । कक्षा सुरु भएको ७ दिनपछि भर्ना रद्द गर्न चाहेमा क्याम्पस धरौटी लगायत सम्पूर्ण रकम जफत गरी भर्ना रद्द गरिनेछ ।)

१२. सबै सम्बन्धन प्राप्त कलेजहरुमा महिला कोटा सम्बन्धि व्यवस्था इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका -२०७४ को बुँदा ६.१ मा उल्लेख गरे बमोजिम हुनेछ। (**बुँदा ६.१: महिला कोटा** : नियमित तथा पूर्णशुल्कीय कार्यक्रमहरूमा त्रि.वि. नियमानुसार आरक्षित कोटा बाहेक १०% स्थान महिला आवेदकहरूलाई सुरक्षित गरिएको छ । प्रकाशित भर्ना-सूचीमा १० % महिला आवेदक छनोट नभएको खण्डमा न्यूनतम योग्यता पुगेका महिला आवेदकहरूमध्येबाट योग्यताक्रमको आधारमा १०% महिला आवेदकहरूको नाम भर्ना-सूचीमा प्रकाशित गरिनेछ ।)

१३. कक्षा सञ्चालन भएको प्रथम ७ दिन (२०७४-०८-०७) भित्र इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७४ को बुंदा ८.२ मा उल्लेख भए अनुसार खालि हुन गएको सिटमा दोस्रो हप्ता भित्र (२०७४-०८-१५ गते भित्र) नयाँ भर्ना गर्न सकिनेछ। (**बुँदा ८.२**: भर्ना भई कक्षा सुरु भएको मितिले ७ दिनसम्म उचित कारणसहितको सूचना बिना कक्षामा अनुपस्थित रहने तथा त्रि.वि. दर्ता फारम क्याम्पसमा दर्ता नगराउने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिनेछ ।)

१४. आवेदन सूची, भर्ना सूची लगायत भर्ना सम्बन्धमा कुनै गुनासो भएमा आवेदकहरुले इ. अ. स. केन्द्रिय भर्ना अनुगमन समितिमा निवेदन दिन सक्नेछन्। उक्त गुनासो भर्ना अनुगमन समितिको ईमेलः admission@ioe.edu.np मा पनि प्रमाण सहित तल उल्लेखित विवरणको ढाँचामा पठाउन सकिनेछ।

**Name of Candidate:**
**IOE Entrance Roll Number:**
**Contact Details:**
**Complain Details:**

इ. अ. सं. केन्द्रिय भर्ना अनुगमन समिति-२०७४